# ९ यर्मियाको जुवा

*यस अध्यायका मूल पदहरू:* यर्मिया १६:१-१३, होशिया १:१-३,, यर्मिया २७:१-१८, दानिएल ४:२५, यर्मिया २८, २ तिमोथी ४:३,४।

*यस अध्यायको मूल सार पद:* "अनि तिनीहरूले उहाँले भन्नुभयो, यदि कुनै मानिस मेरो पछि लाग्न चाहना गर्छ भने उसले आफूलाई त्याग गरोस् र दिनदिनै आफ्नो क्रुस बोकेर मेरो पछि लागोस्" (लूका ९:२३)।

परमेश्वरका अगमवक्ताहरूले मानिसहरूको सामु उहाँको वचन सुनाउन केवल भाषण गरेरमात्र होइन तर विभिन्न वस्तुहरूद्वारा प्रचार गरेका थिए भनेर हामीले हेरेका थियौं। फेरि कतिपय समयमा अगमवक्ताहरू आफैले परमेश्वरको वचन अनुसार प्रतक्ष्यरूपमा जिइएर मानिसहरूलाई उहाँको सन्देश देखाएका थिए।

फेरि परमेश्वरको वचन मानिसहरूको मगजमा घुसोस भनेर उहाँले यर्मियालाई वचनलाई जीवनमा उतारेर देखाऊ भन्नुभएको थियो। प्रथमतः उनले काठको जुवा काँधमा राखेर बोक्नु परेको थियो। "यसरी परमेश्वरले मलाई भन्नुभयो: तिम्रो निम्ति डोरी र जुवा बनाऊ र तिम्रो घाँटीमा डोरी राखेर जुवालाई बोक।" (यर्मिया २७:२)। त्यो एकदम गऱ्हौं भारी थियो होला। एकदम अनुकुल वातावरण भएतापिन त्यो काम एकदम गाऱ्हो थियो किनभने कठित तथा झुठा अगमवक्ताहरूले यर्मियाका वचनहरूलाई चुनौती दिएका थिए। मानिसहरूको दिमाग र मनमा सत्य र असत्यको कसरी प्रभावकारी रूपमा द्वन्ध चलिरहेको हुँदो रहेछ भनेर यस अध्यायमा हामी हेर्नेछौं। फेरि, हेर्दा मिठो, रमाइलो, मनमुग्ध र अनुग्रहले

भरिएको सन्देश पनि कस्तो मानिसहरूलाई फसाउने गलत शिक्षा हुँदो रहेछ भनेर पनि हामी नियाल्नेछौं।

अरू मानिसहरू बिलौना गरेको बेलामा बिलौना नगर्न र खुशीयाली मनाएको बेलामा खुशियाली नगर्नु भनेर परमेश्वरले यर्मियालाई दिनुभएको निर्देशनलाई पनि हामी हेर्नेछौं। मानिसहरुका पापले गर्दा तिनीहरूको गति के हुनेछ भनेर तिनीहरूले थाहा पाओस् र यदि तिनीहरूले पश्चाताप गरेर परमेश्वरको बाटोमा हिंड्यो भने केही हदसम्म भए पनि तिनीहरूको पापले गर्दा भोग्नुपर्ने नतिजा हलुका होओस् भनेर यर्मियले तिनीहरूलाई देखाउन चाहेका थिए।

## १. एक्लो जीवन

यर्मियाले भोग्नुपर्ने कर्तव्य सजिलो थिएन भनेर हामीले अनुमान गर्नसक्छौं (यस मामिलामा यर्मिया आफैले दुखेसो पोखेका थिए)। जुन वातावरणमा यर्मियाले परमेश्वरको सन्देश जिइएर वा कामद्वारा देखाएर सुनाउनु परेको थियो त्यो हामीले कल्पना नै गर्न नसकिने थियो।

यर्मिया १६:१-१३ पढ्नुहोस्। जतिसुकै कठोर भएतापनि परमेश्वरको सन्देश यर्मियालाई कस्तो थियो? त्यसबाट उनलाई कस्तो आशिष पाउने थियो? (होशे १:१-३सँग पनि तुलना गर्नुहोस्)। "१ तब परमप्रभुको यो वचन मकहाँ आयोः २ "यस ठाउँमा तिमीले विवाह गर्नु र छोराछोरी जन्माउनुहुँदैन।" ३ किनकि यस देशमा जन्मेका छोराछोरीहरू र तिनीहरूलाई जन्माउने आमा-बाबुहरूका विषयमा परमप्रभु यसो भन्नुहुन्छः ४ "तिनीहरू घातक रोगहरूले मर्नेछन्। तिनीहरूका लागि कसैले शोक गर्नेछैन, अथवा कसैले तिनीहरूलाई गाड्नेछैन। तिनीहरू भूइँमा कसिङ्गरझैं लड़िरहनेछन्। तिनीहरू तरवार र अनिकालले नष्ट हुनेछन्, र तिनीहरूका लाश आकाशका पन्क्षीहरू र पृथ्वीका पशुहरूका लागि आहार हुनेछन्।" ५ किनकि परमप्रभु यसो

भन्नुहुन्छः "मृत्यु भएको घरमा मृत्यु-भोज खान नपस्, अथवा शोक गर्न वा सहानुभूति प्रकट गर्न त्यहाँ नजा, किनभने मैले यस जातिदेखि मेरो आशिष्, प्रेम र दया उठाइलगेको छु," परमप्रभु भन्नुहुन्छ। ६ "ठूला-साना दुवै यस देशमा मर्नेछन्। तिनीहरू गाड़िनेछैनन्। कसैले तिनीहरूका निम्ति विलाप गर्नेछैन, आफ्नो शरीर काट्नेछैन, कपाल खौरनेछैन। ७ मर्नेको लागि विलाप गर्नेलाई – आमा-बाबुको लागि विलाप गर्नेलाई पनि – सान्त्वना दिन भनी कसैले उसको निम्ति खानेकुरो दिनेछैन, न सान्त्वनाको पानी दिइनेछ। ८ "भोज-भतेर भइरहेको घरमा तिमी नपस् र तिनीहरूसित खान-पिउनलाई तिमी नबस। ९ किनकि सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः तिम्रै आँखाको सामुन्ने तिम्रै समयमा यस ठाउँमा खुशीको सोर, रमाहटको आवाज, दुलहा र दुलहीको सोर म अन्त्य गरिदिनेछु। १० "जब तिमीले यस जातिलाई यी सबै कुरा भन्छौ, र तिनीहरूले तिमीलाई सोध्नेछन्, 'किन परमप्रभुले हाम्रो विरुद्धमा यस्तो ठूलो विपत्ति आओस् भनी खटाउनुभएको छ? हामीले के भूल गरेका छौं? परमप्रभु हाम्रा परमेश्वरको विरुद्धमा हामीले कुनचाहिँ पाप गरेका छौं र?' ११ तब तिमीले तिनीहरूलाई यसो भन्, 'किनभने तिमीहरूका पिता-पुर्खाहरूले मलाई त्यागेर पराई देवताहरूका पछि लागेर तिनीहरूको सेवा गरे र तिनीहरूलाई पुजे,' परमप्रभु भन्नुहुन्छ। "तिनीहरूले मलाई त्यागे र मेरो व्यवस्था पालन गरेनन्। १२ तर तिमीहरूले त तिमीहरूका पिता-पुर्खाहरूले भन्दा पनि बढ्ता दुष्ट काम गरेका छौ। हेर, तिमीहरू हरेक मेरो आज्ञापालन गर्नुको सट्टामा आ-आफ्नो दुष्ट हृदयको हठीपनामा हिंड़िरहेका छौ। १३ यसैले न त तिमीहरूले न तिमीहरूका पिता-पुर्खाहरूले चिनेको देशमा म तिमीहरूलाई फालिदिनेछु। त्यहाँ तिमीहरूले रातदिन अरू देवताहरूको सेवा गर्नेछौ, किनकि म तिमीहरूमाथि मेरो निगाह राख्नेछैनँ।" (र होशे १:१-३ "१

यहूदाका राजाहरू उज्जियाह, योताम, आहाज र हिजकिया अनि येहोआशका छोरा इस्राएलका राजा यारोबामका शासनकालमा बेरीको छोरो होशेकहाँ आएको परमप्रभुको वचनः २ जब परमप्रभु होशेद्वारा बोल्न लाग्नुभयो, तब परमप्रभुले तिनलाई भन्नुभयो, "जा, गएर एउटी व्यभिचारिणीलाई विवाह गर, र त्यसको विश्वासघातबाट पैदा भएका सन्तानलाई आफ्ना बना, किनभने यस देशले परमप्रभुलाई त्यागेर अति घोर व्यभिचारको दोषी भएको छ। ३ यसैले तिनी गएर दिब्लैमकी छोरी गोमेरलाई विवाह गरे, र त्यसले गर्भवती भएर तिनीबाट एउटा छोरो जन्माई।"

**परमेश्वर र उहाँका जनहरूको बीचमा भएको सम्वन्ध कतिको भ्रष्ट भएको रहेछ भनेर खुला रूपमा देखाउन उहाँले अगमवक्ता होशेलाई एक बेश्यालाई बिवाह गर्न अऱ्हाउनुभएको थियो। त्यसले इस्राएल देश आत्मिक रूपमा कस्तो बेस्या बनिसकेको रहेछ भनेर देखाएको थियो। तर यर्मियालाईचाहीँ बिवाह गर्न र बच्चाहरू जन्माउन मनाही गरिएको थियो। त्यसबेलाको चलन र संस्कार अअनुसार त्यस्तो निर्देशन बिरलै थियो। इस्राएली संस्कारमा प्रत्येक युवकले परिवारको सुरुवात गर्नु अत्यन्त महत्त्वपूर्ण मानिन्थ्यो। जोडिहरूको बीचमा सहयोगी र प्रेमभावको खाँचो तार्ने बाहेक बंशलाई निरन्तरता दिन सन्तान जन्माउनुपर्थ्यो। परमेश्वरले यर्मियालाई परिवारिक जीवन सुरू नगर्न किन मनाही गर्नुभयो? त्यो गम्भिर र भयानक समय यर्मियालाई आफ्नै जीवनबाट पाठको निम्ति देखाउन त्यो निर्देशन दिनुभएको थियो। परिवार तुक्रिएर बिछोड हुनुपर्दा बाँचेकाहरूले कस्तो पिडा र भारी भोग्नुपर्छ भनेर देखाउन यर्मियाले आफ्नै जीवनबाट देखाएका थिए। तत्कालिन यहूदी समाजमा यर्मियाले बिवाह नगरि बस्नुको अर्थ त्यस समाजलाई परमेश्वरले निरन्तररूपमा चेतावनी दिन चाहनुभएको देखाएको थियो।**

यर्मियाको एक्लो जीवन अरू पक्षहरूमा पनि फैलिएको थियो। जहाँ शोक, बिलाप हुन्छ त्यहाँ नजान पनि अ‍र्‍हाउनुभएको थियो। पश्चाताप गर्न र आत्मिक पुनजागृत हुन परमेश्वरले मानिसहरूलाई जतिसुकै आह्वान गर्नुभएतापनि तिनीहरूले वेवास्ता गर्दा उहाँको मर्मको संकेत देखाउन यर्मियालाई त्यो भन्नुभएको थियो।

बिलापमा नजान मात्र होइन, कुनै पनि भोजभतेर वा पर्वको रमाइलोमा पनि भाग नलिन परमेश्वरले यर्मियालाई अ‍र्‍हाउनुभएको थियो। बेबिलोन वा आधुनिक इराक देशका सैनिकहरू आएर तिनीहरूको सबै आनन्द र खुशियाली हरण गरेर लैजानेछ भनेर यर्मियालाई दिनुभएको निर्देशनले संकेत गरेको थियो।

चाहे दुःखमा होस् सुखमा होस्, मानिसहरूको बीचमा हुने नाताबाट अलग हुन यर्मियालाई परमेश्वरले आह्वान गर्नुभएको थियो। उनको जीवन र शोकपूर्ण जीवन सबैको निम्ति जान्नुपर्ने शिक्षा भएर खडा भएको थियो। परमेश्वरको जन भनेर चिनिएको तर उहाँप्रति बफादार हुन हटिरहेको राष्ट्रले यर्मियाबाट पाठ सिके कस्तो हुनेथियो होला?

हामीले दिन सक्ने र पाउने मानवताको भर कतिको रमाइलो हुनसक्छ भनेर यर्मियाको पाठले हामीलाई सिकाउन सक्छ? मानिसबाट पाउने जुनसुकै भर भएतापनि अन्तमा सबभन्दा उत्तम भर परमेश्वरबाट मात्र आउन सक्छ भनेर आत्मज्ञान हामीले कसरी सिक्ने?

## २. यर्मियाको जुवा

यर्मिया २७:१-१८मा परमेश्वरको सन्देश उहाँका जनहरूको निम्ति के थियो सो सोच्नुहोस्। परमेश्वरको त्यो वचन सुन्ने धेरै मानिसहरूको निम्ति यो किन षडयन्त्रपूर्ण छ? हेर्नुहोस्: "१ यहूदाका राजा योशियाहका छोरा सिदकियाहका राजकालको सुरुमा परमप्रभुबाट यो वचन यर्मियाकहाँ आयोः २ परमप्रभुले

मलाई यो कुरा भन्नुभयोः "छालाका डोरीहरू र काठका बारले
एउटा जुवा बना, र तिम्रो काँधमा राख्। ३ र यहूदाको राजा
सिदकियाहकहाँ यरूशलेममा आएका दूतहरूका हातमा एदोम,
मोआब, टुरोस र सीदोनका राजाहरूकहाँ समाचार पठाऊ। ४
उनीहरूका मालिकहरूका निम्ति यो सन्देश दिएर भन्नः
'सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः
"तिमीहरूले आ-आफ्नो मालिकलाई यसो भन्नूः ५ यो पृथ्वी, यस
पृथ्वीमा बस्ने मानिसहरू र पशुहरूलाई मैले नै आफ्नो महाशक्ति
र बाहुबलले बनाएको छु, र जसलाई इच्छा गर्छु त्यसलाई म त्यो
दिन्छु। ६ अब तिमीहरूका सारा देशहरू मेरो दास, बेबिलोनको
राजा नबूकदनेसरको हातमा दिनेछु। वनका जन्तुहरूलाई पनि
त्यसको अधीनमा बस्ने म तुल्याउनेछु। ७ त्यसको आफ्नै देशको
समय नआउञ्जेल सबै जातिहरूले त्यसको, त्यसका छोराको र
त्यसका नातिको सेवा गर्नेछन्। त्यसपछि धेरै जातिहरू र ठूला-
ठूला राजाहरूले त्यसलाई आफ्नो वशमा पार्नेछन्। ८ "तर यदि
कुनै जाति अथवा राज्यले बेबिलोनको राजा नबूकदनेसरको सेवा
गर्न र बेबिलोनका राजाको जुवामुनि आफ्नो घिच्रो राख्न मानेन
भने, म त्यस जातिलाई तरवार, अनिकाल र रूढ़ीले दण्ड दिनेछु,
जबसम्म म उनीहरूलाई त्यसको हातद्वारा नष्ट गर्दिनँ, परमप्रभु
भन्नुहुन्छ। ९ यसैकारण 'बेबिलोनका राजाको सेवा तिमीहरूले
गर्नेछैनौ' भन्ने तिमीहरूका अगमवक्ताहरू, जोखना हेर्नेहरू,
सपनाको अर्थ फुकाउनेहरू, भूतप्रेत खेलाउनेहरू र जादूगरी
गर्नेहरूका कुरा नसुन। १० उनीहरूले तिमीहरूलाई कहेका
अगमवाणी त झूटा हुन्, जसले गर्दा तिमीहरू आफ्ना देशहरूदेखि
टाढ़ा हटाइनेछौ। म तिमीहरूलाई धपाउनेछु र तिमीहरू नष्ट
हुनेछौ। ११ तर जुन जातिले आफ्नो घिच्रो बेबिलोनका राजाको
जुवामुनि राख्छ र त्यसको सेवा गर्छ, त्यस जातिलाई म त्यसको
आफ्नै देशमा खनजोत गर्न र रहन दिनेछु, परमप्रभु भन्नुहुन्छ।"

१२ यहूदाका राजा सिदकियाहलाई मैले त्यही सन्देश दिएँ। मैले भनें, “बेबिलोनका राजाको जुवा आफ्नो काँधमा लेऊ, र उनी र उनका प्रजाको सेवा गर र तिमी बाँच्नेछौ। १३ बेबिलोनका राजाको सेवा नगर्ने जातिको विषयमा परमप्रभुले चेताउनी दिनुभएझैं तरवार, अनिकाल र रूढ़ीले तिमी र तिम्रो प्रजा किन मर्छौ? १४ ‘बेबिलोनका राजाको सेवा तिमीहरूले गर्नेछैनौ’ भन्ने अगमवक्ताहरूका कुरा नसुन, किनकि उनीहरूले त तिमीहरूलाई झूटा अगमवाणी कहँदैछन्। १५ परमप्रभु भन्नुहुन्छ, ‘मैले त उनीहरूलाई पठाएको होइनँ, तर मेरो नाउँमा उनीहरू झूटो अगमवाणी कहिरहेका छन्। यसकारण म तिमीहरूलाई निर्वासित गर्नेछु, र तिमीहरू नष्ट हुनेछौ– तिमीहरू र तिमीहरूलाई अगमवाणी कहने तिमीहरूका अगमवक्ताहरू’ ।” १६ तब पूजाहारीहरू र यी सबै मानिसहरूलाई मैले यसो भनें, “परमप्रभु यसो भन्नुहुन्छः तिमीहरू आफ्ना अगमवक्ताहरूका कुरा नसुन, जसले भन्छन्, ‘परमप्रभुको भवनका भाँड़ाकुँड़ाहरू अब चाँड़ै बेबिलोनबाट ल्याइनेछन्’ । उनीहरूले तिमीहरूलाई झूटा अगमवाणी भन्दैछन्। १७ उनीहरूका कुरा नसुन। बेबिलोनका राजाको सेवा गर, र तिमीहरू बाँच्नेछौ। यो सहर किन भग्नावशेष हुने? १८ यदि उनीहरू अगमवक्ता हुन् र परमप्रभुको वचन उनीहरूसित छ भने, परमप्रभुको भवनमा रहेका, यहूदाका राजाको महलमा रहेका र यरूशलेममा रहेका मालसामानहरू बेबिलोनमा नलगिऊन् भनी सर्वशक्तिमान् परमप्रभुसित उनीहरूले बिन्ती गरून्।"

**जुन जुवा यर्मियाले बोक्नु परेको थियो त्यो उनको निम्ति बेइज्जत तथा तल्लो स्तरमा गिरिएको सङ्केत गरेको थियो भन्नुमा द्विविधा छैन। आफ्नो राष्ट्र कतिसम्म गिरिसकेको थियो भन्ने अवस्थालाई त्यसले चित्रण गरेको थियो।विदेशी सैनिकको नियन्त्रणमा परेर इस्राएल अत्यन्त हेपिएको र दविएको अवस्थामा**

गुज्रिएको थियो। (व्यवस्था २८:४८ र १ राजा १२:४मा जुवाको अर्थ कसैको शोषण वा दवाबमा पर्नु हो भनेर वाख्या गरिएको छ)। बिदेशी शक्ति बेबिलोनको नियन्त्रणमा रहनुभनेको के हो भनेर यर्मियाले शारीरिक रूपमै कष्ट भोगेर आममानिसको सामु प्रदर्शन गरेका थिए। यर्मियाले बोकेका काठको जुवा एक मिटर र आधा थियो भने त्यो ८ सेन्टिमिटर बाक्लो थियो। यर्मियाले त्यो जुवा बोकेको मूल अर्थ यो थियोः यदि इस्राएलले बेबिलोनको बिरुद्धमा बिद्रोह गऱ्यो भने त्यो बिद्रोह परमेश्वर आफैमाथि गरिएको उहाँले ठान्नुहुनेछ र बिद्रोहको परिणाम राम्रो हुनेछैन। इस्राएलले भारी दुःख पाउने छ।

जुन भाषामा लेखिएको त्यस पद थियो त्यो भाषा केही हदसम्म स्पष्ट नभएको भएतापनि त्यस पदले यो देखाउँछ कि यर्मियाले जुवा आफ्नो लागि मात्र होइन यरुशलेममा आउने अरू राष्ट्रका प्रतिनिधिहरूको निम्ति पनि जुवा बनाएका थिए किनभने परमेश्वरको असहमती तथा चेतावनीको बाबुजद पनि तिनीहरूले राजा नेबुकदनेजारको बिरोधमा खडयन्त्र गरिरहेका थिए। बिदेशी आक्रमणकारीहरूसँग भिड्ने तिनीहरूको नियत स्वभाविकै थियो। यरुशेलमका वरिपरि रहेका देशहरू मिलेर बेबिलोनको आक्रमणलाई प्रतिकार गर्न तिनीहरू योजना बनाइरहेका थिए। त्यसले गर्दा यर्मियाका वचनहरू तिनीहरू र देशकै निम्ति अमान्य थियो।

यर्मिया २७:५मा व्यक्त गरेको सन्देश किन बिशेष महत्त्वको छ? (त्यही सन्दर्भमा दानिएल ४:२५ पनि पढ्नुहोस्: "५ यो पृथ्वी, यस पृथ्वीमा बस्ने मानिसहरू र पशुहरूलाई मैले नै आफ्नो महाशक्ति र बाहुबलले बनाएको छु, र जसलाई इच्छा गर्छु त्यसलाई म त्यो दिन्छु।" ( "२५ हजूर मानिसहरूबाट निकालिनुहुनेछ र जङ्गली पशुहरूसँग बस्नुहुनेछ, गाईबस्तुहरूझैं हजूरले घाँस खानुहुनेछ र आकाशको शीतले हजूर भिज्नुहुनेछ।

हजूरको लागि सात काल बित्नेछ, जबसम्म हजूरले यो जान्नुहुन्न कि मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ।" दानिएल ४:२५)।

**सृष्टिकर्ता सनातन परमेश्‍वरको सार्वभोमिसत्ता सारा पृथ्वीमाथि छ भनेर उपरोक्त पदहरूमा र पुरानो तथा नयाँ करारभरि देखाएको पाइन्छ। गञ्जागोल, भद्रगोल र विध्वँसको वातावरणमा परमेश्‍वरको आधिपत्यलाई प्रकट गरिएको छ (चाहे सनातन परमेश्‍वरलाई नमान्ने राष्ट्रले आक्रमण गरेर दवाएतापनि किन नहोस्)। जुनसुकै प्रतिकूल अवस्थामा पनि जिउनु परेका बचेखुचेका विश्‍वासीहरूको निम्ति यो वचन अत्यन्त आशाको स्रोत मान्नुपर्छ।**

कसैको बन्देजमा रहेर जुवा बोक्नु कतिको पिडादायी छ भन्ने कुरा आफ्नै ठाउँमा छ। तै पनि तपाईंले आफूले आफूलाई सोध्नुहोस्ः के तपाईंले कसैलाई अनुचित रूमा दवाउनुभएको छ? उसलाई बोक्न नसक्ने भारी के तपाईंले बोकाउनुभएको छ? यदि छ भने किन अहिले नै नहटाउने?

## ३. अगमवक्ता भनेर दावी गर्नेहरूको बीचमा वाकयुद्ध

**जसले जे भनेतापनि खराब समाचार खराबै हुन्छ। त्यस्तो खराब समाचार प्रायजसो हामीहरूले सुन्न चाहन्नौं वा कुनै न कुनै बहानामा त्यो पन्छाउन चाहन्छौं। यो परिस्थिति यहूदाका मानिसहरूमा थियो। यर्मियाले बोकेका जुवाबाट दिइएको चेतावनी मानिसहरूको निम्ति कडा र निःसन्देह पूरा हुने खालको थियो। "जब यर्मियाले उनको घाँटीमा बोकेका जुवाबाट परमेश्‍वरको चाहना राष्ट्रका जम्मा भएका सरकारी परिषदहरू सुने तिनीहरूको दिमाग हल्लिखल्ली भएको थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किंगस,* पृ. ४४४बाट रूपान्तरित।**

यर्मिया २८:१-९ पढ्नुहोस्। तपाईं यहूदाका मानिसहरूमा एक भएर जे भइरहेको थियो सो प्रतक्ष्यदर्शी हुनुभएको थियो भने तपाईंले के सोच्नुहुन्थ्यो? तपाईंले कसलाई विश्वास गर्ने? कसको कुरा सुन्ने? यर्मियालाई भन्दा सरकारले मानेका अगमवक्ता हननियाको वचन सुन्न जायज ठान्नुमा तपाईंको के बिचार छ? हेर्नुहोस्: "१ त्यही वर्ष, यहूदाका राजा सिदकियाहका राजकालको चौथो वर्षको पाँचौं महिनामा अज्जूरका छोरा, गिबोनमा बस्ने हनन्याह अगमवक्ताले परमप्रभुको भवनमा पूजाहारीहरू र सारा मानिसहरूका सामुन्ने मलाई भनेः २ "सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'म बेबिलोनका राजाको जुवा भाँचिदिनेछु। ३ बेबिलोनको राजा नबूकदनेसरले परमप्रभुको भवनका जति मालसामानहरू यस ठाउँबाट बेबिलोनमा लगेको थियो, ती सबै दुई वर्ष भित्रैमा म फेरि यस ठाउँमा फर्काइल्याउनेछु। ४ अनि यहूदाका राजा यहोयाकीमका छोरा यहोयाकीन र यहूदाबाट लगिएका सबै निर्वासित भएकाहरूलाई म फेरि यस ठाउँमा फर्काएर ल्याउनेछु,' परमप्रभु भन्नुहुन्छ, 'किनभने म बेबिलोनका राजाको जुवा भाँचिदिनेछु' ।" ५ तब परमप्रभुको भवनमा उभिरहेका पूजाहारीहरू र सबै मानिसहरूका सामुन्ने यर्मिया अगमवक्ताले हनन्याह अगमवक्तालाई जवाफ दिए। ६ तिनले भने, "आमेन, परमप्रभुले त्यसै नै गरून्! तिमीले अगमवाणी कहेका कुरा परमप्रभुले पूरा गरिदिऊन्। परमप्रभुको भवनका मालसामानहरू र सबै निर्वासित भएका मानिसहरूलाई उहाँले बेबिलोनबाट यस ठाउँमा फर्काइल्याऊन्। ७ तापनि तिमी र यी सबै मानिसहरूले सुन्ने गरी मैले भनेको यो वचन तिमी सुनः ८ म र तिम्रा अघि आएका अगमवक्ताहरूले त धेरै देशहरू र ठूला-ठूला राज्यहरूका विरुद्धमा लड़ाइँ, अनिकाल र रूढ़ीका विषयमा अगमवाणी भनेका छन्। ९ तर जुन अगमवक्ताले शान्तिको

अगमवाणी कहन्छन्, यदि त्यो पूरा भयो भने मात्र यथार्थमा ती नै अगमवक्तालाई परमप्रभुले पठाउनुभएको रहेछ भनी चिनिनेछ।"

यर्मियाले पनि परमेश्वरकै नाउँमा बोले भने हननियाले पनि त्यसै गरे। त्यस परिस्थितिमा परमेश्वर कोबाट बोलिरहनुभएको थियो? कसरी छुट्याउने? दुबैको फरक मत एक हुनसक्दैनथ्यो। अहिले हामीलाई थाहा छ कि को ठीक थियो। यर्मियाले पद ८ र ९मा प्रभावकारी मत व्यक्त गरेतापनि केही समयको निम्ति मानिसहरूको बीचमा अक्क न बक्क हुनु स्वभाविकै थियो। हननियाले सकारात्मक भविष्यवाणी गरेतापनि यर्मियाको वचनमा यो आभास् थियोः *मभन्दा अघिका अगमवक्ताहरूले पनि मैले जस्तै न्याय र विध्वंसको सन्देश सुनाएका थिए।*

"परमेश्वरले निर्धारण गर्नुभएको समयसम्मको लागि मानिसहरू बेबिलोनको राजासामु झुक्न दिइयोस् भनेर यर्मियाले आत्मिक अगुवा र जनमानसहरूलाई बिन्ति गरेका थिए। यहूदाका मानिसहरूको सामु होशे, हबकूक, सपनियाह र अरू अगमबक्ताका चेतावनी र सम्झाउन खोजेका भविष्यवाणीहरू स्मरण गराएका थिए। तिनीहरूका वचनहरू पनि आफ्नै जस्तै थिए भनेर यर्मियाले सुनाएका थिए। पश्चाताप नगरेका पापले गर्दा मानिसहरूले भोग्नुपर्ने कष्टको बारेमा गरेका भविष्यवाणीहरू कसरी पूरा भए भने उनले सुनाएका थिए। बिगत समयमा परमेश्वरका सन्देशवाहकहरूद्वारा दिएका उहाँका न्यायका वचनहरू उहाँकै इच्छा अनुसार अक्षरसरूपमा पूरा भएको थियो।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंगस्, पृ. ४४५बाट रूपान्तरित।

जसरी हामीले पवित्र इतिहासबाट हामीले पाठ सिक्नुपर्छ त्यसरी नै उनको समयमा पनि मानिसहरूले सिकुन् भनेर यर्मियाले तिनीहरूलाई बिन्ती गरिरहेका थिए। उनले सिकाउन चाहेका थिएः बिगतको इतिहासबाट सिक्नुहोस्। तपाईंका पूर्खाहरूले जस्तै तपाईंहरूले पनि त्यही गलत नदोहोऱ्याउनुहोस्। सबैले मान्य

अगमबक्ता हननियाको बिपरित सन्देश सुन्दा अकमक परेका मानिसहरूले यर्मियाको वचन सुन्न मुश्किल भएको थियो भनेर हामीलाई पनि त्यही परिस्थिति आइलाग्दैन भन्ने छैन।

हननियाले जुन नामको अर्थ हो, "परमेश्वर अनुग्रही हुनुहुन्छ" मानिसहरूका सामु अनुग्रह, सदाशयता, क्षमाशील र उद्धारको सन्देस सुनाइरहेको थियो। परमेश्वरकै नाउँबाट आएका र मिठो वचन बोल्ने तर कठित प्रचारकहरूको वचनलाई हामीले सुन्नुपर्दा हामीले के गर्ने वा त्यसलाई कसरी जोखेर पत्यार गर्ने?

## ४. फलामको जुवा

अगमवक्ताहरूको बीचमा भएको वाकयुद्ध केवल शब्दहरूको मात्र नभएर कामबाट पनि देखाइएको थियो। परमेश्वरको निर्देशन अनुसार यर्मियाले आफ्नो घाँटीमा काठको जुवा राखेका थिए। परमेश्वरको गहिरो सन्देश उनले बाहिरीरूपमा कामद्वारा प्रकट गरेका थिए।

तर हननियाले जे गरे त्यसको सङ्केतिक अर्थ के हो? हेर्नुहोस्ः "१० तब हनन्याह अगमवक्ताले यर्मिया अगमवक्ताको काँधबाट त्यो जुवा निकालेर भाँचिदिए। ११ अनि हनन्याहले सबै मानिसहरूका सामुन्ने यसो भने, "परमप्रभु यसो भन्नुहुन्छः 'यसरी नै यी दुई वर्ष भित्रमा म सबै जातिका काँधबाट बेबिलोनको राजा नबूकदनेसरको जुवा भाँचिदिनेछु' ।" तब यर्मिया अगमवक्ताचाहिँ आफ्नो बाटो लागे। (यर्मिया २८ः१०-११)।

मानौं येशूले अञ्जिरको रूखलाई श्राप दिएपछि (मर्कूस ११ः१३,, १९-२१) उहाँको वचनको प्रतिकार गर्न कसैले त्यस रूखलाई उखेलेर त्यही ठाउँमा अर्को रूखलाई रोपियो भने के हुन्थ्यो होला? यर्मियाको घाँटीमा भएको भविष्यवाणीको सन्देश दिने जुवालाई फुकालेर हननियाले भाँचिदिएको अर्थ त्यही थियो। यर्मियाले प्रचार गरेका वचनलाई खुला रूपमा परमेश्वरको प्रचारक भनिने कठित अगमवक्ता अहननियाले प्रतिकार गरेको थियो।

हननियाले यर्मियाको जुवा भाँचिदिएपछि उनको प्रतिक्रिया तुरन्तै के थियो सो उपरोक्त पदमा दिइएको छैन। उनी फनक्क फर्केर आफ्नो बाटो लागेका थिए। यदि यस बृतान्त यहीं तुङ्गिएको भए यर्मियाको हार भएको देखाइन्थ्यो।

त्यस पछि के भयो र यर्मियाले पाएको सन्देशको अर्थ के थियो? हेर्नुहोस् यर्मिया २८:१२-१४ "१२ हनन्याह अगमवक्ताले यर्मिया अगमवक्ताको काँधबाट जुवा भाँचेका केही समयपछि परमप्रभुको यो वचन यर्मियाकहाँ आयोः १३ "गएर हनन्याहलाई भन्, 'परमप्रभु यसो भन्नुहुन्छः तिमीले त काठको जुवा भाँचेको छौ, तर म त्यसको सट्टामा फलामको जुवा ल्याउनेछु। १४ सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः बेबिलोनको राजा नबूकदनेसरको सेवा गर्नलाई म यी सबै जातिहरूका काँधमा फलामको जुवा लगाइदिनेछु, र उनीहरूले त्यसको सेवा गर्नेछन्। वनका पशुहरूलाई पनि म त्यसको अधीनमा राख्नेछु।"

यर्मियाले प्रतिशोधको भावनाले उत्प्रेरित भएर हननियालाई जवाफ दिएको थिएन। उनले भनेन् "तिमीले मेरो बेइज्जत गर्‍यौं तिम्रो पनि म त्यसै गर्नेछु।" बरू परमेश्वरबाट अर्को स्पष्ट र अझ कडा वचन यर्मियामार्फत बोल्नुभयो। कसैले काठको जुवा त भाँचिन सक्छ होला तर फलामको कसरी भाँच्नसक्छ र? परमेश्वरको वचन पालन गर्न इन्कार गरेको र हठी भएकोले मानिसहरूले परिस्थितिलाई अझ गम्भिर बनाइएको भनेर उहाँले यर्मियाद्वारा मानिसहरूलाई कडा प्रतिक्रिया व्यक्त गर्नुभएको थियो "यदि तिमीहरूले काठको जुवालाई नराम्रो ठानेर भाँच्न सक्छौ भने फलामको पनि भाँच्न कोशिश गर।"

हठीपनाले गर्दा हामीहरूले हामीहरूकै जीवनलाई कसरी कठिन बनाएर पाठ के सिकेनौं र? परमेश्वरसँग हामीहरूको सम्बन्धको मामिलामा नम्रपुर्बक हामीहरूको जीवनलाई उहाँलाई

सुम्पेर हिँडे कस्तो हितकारी हुन्थ्यो होला, होइन र? तर दुर्भाग्यवस कतिपय मानिसहरू उहाँसँग लड्न खोज्छ र आफ्नै बुद्धिले आफ्ना जीवनहरू कठिन बनाइरहेका छन्।

## ५. झुठा तथा गलत आत्मिक संदेशप्रति भरोसा राख्नु

"हे हननिया, यो कुरा सुन, परमेश्वरले तिमीद्वारा बोल्नुभएको छैन तर तिमीले झुठा तथा गलत कुराहरूमा भरपर्न मानिसहरूलाई झुक्याइ रहेका छौ।" (यर्मिया २८:१५)।

**यर्मिया र हननियामा को ठीक थियो भन्ने जवाफ तुरन्तै आएको थियो। यर्मियाले झुठा आत्मिक भविष्यवक्ताको गति के हुन्छ सो भनेका थिए। सत्य अगमवक्ताले जे भन्छ सोही हुनेछ। हेर्नुहोस् "अनि यर्मिया अगमवक्ताले हनन्याह अगमवक्तालाई भने, "हे हनन्याह, सुन, परमेश्वरले तिमीलाई पठाउनुभएको होइन। तापनि तिमीले यी मानिसहरूलाई झूटा कुरामा विश्वास गर्न लगाएका छौ। 16 यसकारण परमप्रभु यसो भन्नुहुन्छः 'मैले तिमीलाई यस पृथ्वीबाट हटाउन लागेको छु। यही वर्ष तिमी मर्नेछौ, किनभने तिमीले परमप्रभुको विरुद्धमा विद्रोही कुरा प्रचार गरेको छौ।" १८ त्यही वर्षको सातौं महिनामा हनन्याह अगमवक्ता मरे।" (यर्मिया २८:१५-१७)।**

**हननिया मरेतपनि उसले राष्ट्रलाई गरेको जरिवाना तरेको थिएन। उसले गरेको काम उनी मरेपछि पनि पिछा गरेको थियो। मानिसहरूलाई झुठा कुरामा विश्वस्त हुन उसले सिकाएका थिए। हिब्रुभाषा त्यस शब्दलाई हिपहिल (hiphil) भन्नछ जुन् क्रियापद "भर पर्नु"बाट "भर पर" हुन्छ। उसले मानिसहरूलाई झुठा कुरामा भरपर्न उक्साए। त्यसको लागि उसले कुनै भौतिक कार्वाहीबाट होइन तर धोकादिने वचनबाट। परमेश्वरले उसलाई उहाँको वचन भन्न नपठाउनुभएतापनि उसले परमेश्वरको नाउँबाट "म बोल्छु" भनेर मानिसहरूलाई विश्वास दिलाए। यहूदा देशको**

निम्ति त्यो अत्यन्त गरिमामय बोली थियो। उनको मिठो बोलीमा परमेश्वरको अनुग्रह, उद्धार, राहत तथा मुक्ति जस्ता शब्दहरू अलङ्कारित थिए। बेबिलोन देशले ल्याइरहेका धम्किको सामना गर्न ती शब्दहरू मानिसहरूले सुन्न चाहेका थिए। सुसमाचार भएतापनि त्यो झुठा थियो। त्यो झुठा सन्देश मानिसहरूलाई परमेश्वरले दिनुभएको थिएन। यर्मियाका वचनहरू र उनले ल्याएका मुक्तिको सन्देश मानिसहरूले सुन्नुपर्ने समयमा तिनीहरूले हननियाको वचन सुने र त्यो देशको परिस्थितिलाई अझ गम्भिर बनाइदिए।

यर्मिया २८:१५सँग देहायका पदहरू कसरी मिल्छन् हेर्नुहोस्ः

२ तिमोथी ४:३-५ “३ किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन्, ४ र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरूतिर बरालिनेछन्। ५ तिमीचाहिँ दह्रिला होऊ। कष्ट भोग, प्रचारकको काम गर, र तिम्रो सेवाको काम पूरा गर।"

२ थेस्सोलिनिकी २:१०-१२ "१० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।"

यर्मियाको समयभन्दा अहिलेको समय त्यस्तो फरक छैन। अहिले पनि हामी महान् बैचारिक द्वन्धको बीचमा छौं। खरबौं मानिसहरूको दिमाग र हृदयमा अनेकन् सोचबिचार र निर्णयको घमासान लडाइँ भइरहेका छन्। जति सक्यो धेरै झुठा र गलत तथा मानिसहरूलाई नाश गर्ने कुराहरूमाथि भर पर्ने शैतानले ठूलो खेल चातुयर्तासाथ खेलिरहेको छ। उसको झुठा कुराहरू अनेक

आकारप्रकार र तरिकाहरूद्वारा जनसमक्ष आइरहेकाछन्। तर झुठा जहिले पनि झुठा नै हुन्छ। येशूले स्पष्ट रूपमा भन्नुभएको छ “बाटो, सत्य र जीवन मै हुँ।" (यूहन्ना १४:६)। उहाँले कसैलाई पनि मध्यम मार्ग चुन्न दिनुभएको छैन। येशूमा भएको सत्य नभएको झुठा कुरा शैतानले अनेकन् आकर्षित र अलङ्कारितरूपमा मानिसहरूको समक्ष ल्याएर तिनीहरूलाई फसाइरहेका छन्।

हामीहरूको संस्कारमा शैतानले ल्याइरहेका केही गलत कुराहरू के के छन्? येशूलाई पकडि राख्नु र उहाँका वचनहरूमा अल्झिरहनुमात्र हाम्रो निम्ति सुरक्षाको कवच किन हुन्छ?

## उपसंहार:

मानिसहरूले राम्रो खबर सुन्न चाहन्छ नराम्रो होइन भनेर हामीले हेऱ्यौं। यर्मियको होइन हननियाको सन्देश यहूदाका मानिसहरूले सुन्न चाहेका थिए। आजको सन्दर्भमा पनि त्यो कुनै नौलो कुरो होइन। हामीहरूको संसार सुधारिँदै जानेछ भनेर कतिपयले जिद्दि गरेर विश्वास गरिरहेका छन्। तर त्यो सोच केवल कल्पनामात्रै हो भनेर टेरी इगलटन जस्ता नास्तिकहरूले पनि यसरी व्यक्त गर्दछन् “यदि कुनै धर्मको लुगा लगाएर अन्धविश्वासको उदार कल्पना गर्छन् भने त्यो हो केही क्षण क्षणमा हामीहरूको संसार असल दिशामा लम्किरहेको छ। यो मनलाई बहलाउने बिजयको आश्वासन उदारबादीहरूको चर्तिकलाले गर्दा भएको हो जस मध्यमवर्गका मानिसहरू अरूहरूको सामु हिरो भएर उठेका थिए। तर हिजोका ती ठूला ठूला प्रख्यात तथा एक समय समाननिय हिरोहरूले ल्याएका पुस्ताहरू अहिले भौंतारिएका, विश्वासअविश्वासको बीचमा अलमलमा परेका र मर्ने नै हो मरिहाले के हुन्छ र भन्ने जस्ता खस्किएका सोचले ग्रष्ट छन्।"- रिजन, फेथ, एण्ड रिभ्युल्युशनः रिफ्लेक्सन अन द गड डिबेट, पृ. ७०बाट रूपान्तरित। हो हाम्रो जीवनको कुनै पक्षहरूमा सुधार

भएका छन् तर संसारलाई हेर्दा हामीहरूलाई यसले दिने आशा थोरैमात्र छ, यसले दिने सान्त्वना कमसल नै छ। समय अघि बित्दै जाँदा संसार र संसारका थोकहरूले मानिसहरूको भित्री चित्कारलाई मत्थर पार्न सकिँदैन। यदि हामीहरूको जीवनको लक्ष्य केही छ र कुनै आशामा जिउनु छ भने केवल संसारारिक र प्राकृतिक होइन तर त्यो भन्दा अपार दैविक शक्तिमाथि हुनुपर्छ। यथार्थमा सुसमाचारको अर्थ त्यही हो: परमेश्वरले ईश्वरिय अपार शक्तिद्वारा उहाँले यस संसार र हामीहरूको जीवनमा हस्तक्षेप गर्न चाहनुहुन्छ। त्यसबाहेक यस संसारमा हननिया जस्ता अनेकन् कठित आत्मिक तथा बौद्धिक धार्मिक र दार्शनिकहरूले ल्याएका मानिसहरूलाई फसाउने झुठा कुराहरूबाहेक अरू के छ र?

**चिन्तनमनन:**

अ. समुच्च रूपमा संसारको भविष्य मानिसको दृष्टिकोणले हेर्नुहोस्। के यसमा आशा र प्रतिज्ञाको किरणले ढाकिरहेको छ? वा यसमा खतरा, अनिश्चिता, अन्यौलता र त्रासैत्रासले हामीलाई होमीरहेको छ? यस्तो प्रतिकूल परिस्थितिको कारण के हो?

आ. बिगतको इतिहासलाई हेर, बिगतका कुराहरूबाट सिक भन्ने यर्मियाको सन्देश हननियाको झुठा कुराको प्रत्युत्तरको रूपमा भएको हामीले हेऱ्यौं। एलेन जी ह्वाइटले त्यही खालको सन्देश लेखिएकी थिइन्: "भविष्यदेखि डराउने कुरा केही पनि छैन। तर परमेश्वरले हामीलाई कसरी दोऱ्याउनुभयो र हामीहरूको विगतको इतिहासमा उहाँले सिकाउनुभएको कुराहरूलाई बिर्सेमात्र हामी त्रसित हुनुपर्ने हुन्छ।"-लाइफ स्केचेस्, पृ. १९६बाट रूपान्तरित। एलेन जी ह्वाइटले त्यो भन्नुभएको तात्पर्य के हो? बिगतमा के भयो र इतिहासद्वारा

परमेश्वरले हामीहरूलाई के सिकाइरहुनभएको छ जसले गर्दा आउनेवाला समयको निम्ति हामीलाई निर्भिक पूर्वक सामना गर्न तम्सिन सक्छौं।

इ. मानिसहरूको सामु अत्यन्त चिप्लो घसेर मिठो तथा मुग्ध पार्ने बोलीले हननियाले अनुग्रहको कुरा गरेको थियो। अहिले पनि भगवानकै नाउँमा अर्थात् येशूकै नाउँमा गलत शिक्षादीक्षाहरू हामीहरूको समिप कसरी आइरहेको छ? परमेश्वरको माया वा अनुग्रह भनेर हामीलाई फसाउने प्रवृत्तिबाट हामी कसरी जोगिने? हो, अनुग्रह, प्रेम आदि हामीहरूको जिउनेको आधार हुन् तर त्यसलाई लगत तरिकाबाट कसरी जनसमक्ष ल्याउन सक्छ?